# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०१।३१ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

कालिकोट जिल्ला, पलाता गाउँपालिका वडा नं. ९ र पचाल झरना गाउँपालिका बिचमा पर्ने घाटाचौर थिर्पु भन्ने ठाउँमा कर्णाली प्रदेश सरकारबाट कर्णाली नदीमा गाडी तार्ने फेरि निर्माणको लागि बजेट आएकोमा काम पूरा नगरी उक्त बजेट अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा कालिकोट पलाता गाउँपालिकालाई आ.व. २०७७/७८ मा कर्णाली प्रदेश सरकारबाट फेरि निर्माण वापत प्राप्त भएको रकम मध्ये रु.७५,५६,९००।— को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता भई कार्य गर्दा उक्त कार्य सम्पन्न नगरी सम्पन्न भएको देखाएको, विनियोजित बजेट अनुसारको कार्य सम्पन्न नै नभएको अवस्थामा झुट्टा विल भरपाई तयार गरेको, सार्वजनिक संस्थालाई हानि पुऱ्याउने बदनियतले मनासिव कारण बिना निर्माण कार्य नै नगरेको, निर्धारित शर्त तथा मापदण्ड विपरीत कार्य गरे गराएको, नभए नगरेको काम भए गरेको भनी झुट्टा विल, भरपाई र कार्य सम्पन्न प्रतिवेदन तयार गरी कम काम भएकोमा बढी काम भएको देखाई रु.२५,०६,०५२।५३ उपभोक्ता समितिलाई भुक्तानी लिने दिने कार्य गरी उपभोक्ता समितिका पदाधिकारीलाई गैरकानूनी लाभ पुऱ्याउने र गाउँपालिकालाई हानिनोक्सानी पुऱ्याएको पुष्टि भएको हुँदा उल्लिखित कार्यमा बिभिन्न प्रकारको भूमिका निर्वाह गरी गराई कसूरजन्य कार्यमा संलग्न देहायका प्रतिवादीहरुउपर देहायबमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | कालिकोट, पलाता गाउँपालिकाका **तत्कालीन अध्यक्ष लक्ष्मण बहादुर बम** | रु.२५,०६,०५२।५३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असूल उपर हुन एवं पालिकाको अध्यक्ष हुँदाहुदै आफै सस्थापक तथा प्रोपराईटर भई स्थापना भएको कम्पनीबाट सामान खरिद गरेको भनी भुक्तानी लिई गैरकानूनी व्यापार व्यवसाय गरेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १४ बमोजिम कसूरमा सोही ऐनको दफा १४ बमोजिम कैद र जरिवाना हुन र सो कारोवारबाट भुक्तानी लिएको रकम |

| | | | |
|---|---|---|---|
| | | | रु.३१,००,०००।- जफत हुन मागदाबी लिइएको छ। |
| २. | कालिकोट, पलाता गाउँपालिकाका तत्कालीन **उपाध्यक्ष दाना न्यौपाने र वडा नं. ९ का तत्कालीन अध्यक्ष टक्कबहादुर बम** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको छ। |
| ३. | कालिकोट पलाता गाउँपालिकाका**, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत राज बहादुर बम, इन्जिनियर खडानन्द रिजाल, सब-इन्जिनियर विनोद कुमार बम** | रु.२५,०६,०५२।५३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असूल उपर हुन एवं गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | कालिकोट, पलाता गाउँपालिकाका **तत्कालीन सहलेखापाल नन्दबहादुर शाही** | रु.२५,०६,०५२।५३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | कर्णाली नदी फेरि निर्माण योजना उपभोक्ता समितिका **अध्यक्ष वीरजित रोकाय, सचिव अंग विश्वकर्मा र कोषाध्यक्ष पर्दशिना बम** | रु.२५,०६,०५२।५३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल